ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ३ मा

आफूलाई 'ठूलो मान्छे' ठान्ने रोग मेनिया

❑ वर्ष-९ ❑ अङ्क-४४, २०७४ चैत १७ गते, शनिबार (March.31, 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या ६

घरमा शौचालय, बाहिर यस्तो फोहोर

फत्तेपुर / सरसफाइ, स्वच्छता, स्वास्थ्य र वातावरणमा सुधार ल्याउने उद्देश्यले देशभर सरसफाइ कार्यक्रम सञ्चालनमा छ। सन् २०१७ भित्रै लक्ष्य प्राप्त गर्ने सरकारी योजना विफल भए पनि कार्यक्रम भने विभिन्न रुपमा जारी नै छ।

स्वच्छता र स्वास्थ्यका लागि समग्र वातावरणमा सुधार ल्याउने सोच राखिए पनि अधिकांश जिल्लामा सरसफाइ गुरुयोजनाको उद्देश्यलाई 'खुल्ला दिसामुक्त अभियान' का नाममा शौचालय ठड्याउने काममा सीमित गरिएको छ।

सप्तरीमा पनि गुरुयोजना अन्तर्गत सरकारी कार्यालय र सम्बन्धित गैरसरकारी संस्थाले शौचालय निर्माणलाई एकमात्र उद्देश्य बनाएका छन्। तर, शौचालय निर्माण मात्र पनि उनीहरुका लागि चुनौती बनिरहेको छ। सक्नेहरुले शौचालय बनाए पनि घरबाहिर भने जतातै फोहोर र दुर्गन्धले सरसफाइ गुरुयोजनालाई नै गिज्याइरहेको देखिन्छ।

सप्तरीका अधिकांश गरिब, पिछडिएका र उच्च जोखिमयुक्त वर्गका नागरिक सरसफाइको मूल प्रवाहबाट बाहिर छन्। साँझ-विहानको छाक टार्ने चिन्तामा रहेका उनीहरुको प्राथमिकतामा शौचालय निर्माण पर्न सकेको छैन।

सप्तरी जिल्ला मुलुकमै सबैभन्दा बढी दलित बसोबास भएको जिल्ला हो, अधिकांश दलित परिवार न्यून भूमिवाला र अधिकांश भूमिहीन छन्। सन् २००४ मा विभिन्न अन्तराष्ट्रिय संघसंगठनले गरेको सर्वेक्षण अनुसार सप्तरीमा करिब



३६ हजार परिवार भूमिहीन र सुकुम्बासीको बसोबास छ।

यी भूमिहीन जनतासँग चर्पी निर्माण गर्ने ठाउँ समेत छैन। उनीहरु प्रायः सुकुम्बासीको रुपमा सार्वजनिक स्थल र झोपडपट्टीमा बस्छन्, जहाँ चर्पी निर्माणलाई कानुनी मान्यता पनि छैन। बसोबासको ग्यारेन्टी समेत नभएका कारण थप आर्थिक भार बनेको शौचालय निर्माण उनीहरुको प्राथमिकतामा पर्न सकेको छैन।

तर, तिनै लाचार नागरिकलाई पछिल्लो समय सरकारी कामका लागि सिफारिस र सामाजिक सुरक्षा भत्ता रोक्ने, खुला ठाउँमा शौच गर्न जाँदा सिट्टी बजाएर लखेट्ने, फोटो खिचेर सामाजिक सञ्जालमा हालेर अपमानित गर्ने जस्ता काम गरी शौचालय निर्माणमा बाध्य पारिएको छ।

यही बाध्यताको चेपुवामा परेर शौचालयको निर्माण गरिए पनि त्यसको निकास खुला छ। जसका कारण यसअधिसम्म खोला किनार र बाँसघारीमा हुने फोहोर अब घरमै छताछुल्ल हुने अवस्था छ। यही अप्ठ्यारोका कारण निर्माण भएका शौचालय पनि प्रयोगविहीन छन्।

राजविराज ७ का दीपनारायण मेहतर भन्छन्, 'अधिकांशको घरमा शौचालय छ, तर शौच गर्ने बेलामा चाहिँ मेरै घर अगाडिको खुला स्थानमा गाउँलेको भीड लाग्छ।'

अभियानका क्रममा 'जस्तोसुकै भए पनि शौचालय निर्माण गर्नू' बाहेक सरसफाइ, स्वच्छता, स्वास्थ्य र वातावरणसँग सम्बन्धित अधिकांश विषय छायामा परेका छन्। यसको ज्वलन्त उदाहरण हो- राजविराज ७ को मेहतर टोल।

करिब १ सय डोम र मेहतरको बसोबास रहेको यो टोलमा अधिकांश घरमा शौचालय छ। तर, सबै शौचालयको निकास गाउँको बीचमा रहेको खुला नालामा मिसाइएको छ। गाउँभरि हिलो र फोहोरको दुर्गन्ध छ। छाडा छाडिएका सुँगुरले फोहोरलाई यत्रतत्र

बाँकी अन्तिम पृष्ठमा

फत्तेपुरमा सहकारी डिपार्टमेन्ट खुल्ने

फत्तेपुर / सप्तरीको सप्तकोसी नगरपालिका फत्तेपुर चैत्र २४ गते देखि सहकारी डिपार्टमेन्ट स्टोर खुल्न भएको छ।

त्रियुगा सहकारी सस्था लि.फत्तेपुर ले संचालन गर्न लागेको सहकारी डिपार्टमेन्ट स्टोर शनिबारदेखि आम सर्वशाधरणका लागि किन मेललगायतका सुबिधा प्रदान गर्दै संचालनको तयारी तिब्र गरिएको छ। सहकारीले संचालन गर्ने भएकोले बजार भाउ भन्दा सर्व सुलभ मुल्यमा दैनिक उपभोग्य सामाग्री खाद्यान्न ,कस्मेटिक,फ्रुट ,जुस लगायतका सामाग्री राखिने सहकारी सस्थाका ब्यावस्थापक दिपक कार्कीले जानकारी दिए। कार्कीका अनुसार करिब डेढ करोड लगानीमा संचालनमा आउन लागेको सहकारी डिपार्टमेन्टमा आगामी बर्ष यसलाइ अझ बिस्तार गरेर लत्ताकपडा ,फेन्सी,लगायतका उपभोग्य सामानहरु राखिने उदेश्यका साथ संचालन हुने भएको छ। पछिल्लो समय नेपाली उपभोक्ताहरुमा डिपार्टमेन्ट स्टोरमा सामान किनमेल गर्ने संस्कृती बढेको छ। यहाँका उपभोक्ताहरु सामान किनमेलको लागि इटहरी ,धरान,बिराटनगर ,जोगमनी,भिमनगरसम्म धाउनु पर्ने बाध्यतालाई मध्यनजर गर्दै उपभोक्ताहरुलाई फत्तेपुरमै सेवा दिने उदेश्यले सहकारीले डिपार्टमेन्ट स्टोर संचालन गर्न लागेको संस्थाका अध्यक्ष शम्भुबहादुर खड्का बताउछन्। उनका अनुसार फत्तेपुरमा डिपार्टमेन्ट स्टोर खुले पछि सप्तरीको सप्तकोसी नगरपालिका,कन्चनरुप नगरपालिका लगायत नगरपालिका ,गाउँ पालिकाका उपभोक्ता र उदयपुरको बेलका,चौदण्डी नगरपालिकालगायत खोटाङ ,भोजपुरका उपभोक्ताहरुले सुविधा लिन सक्ने छन्।

सहकारी डिपार्टमेन्ट स्टोर फत्तेपुरमा

यहि मिति २०७४ साल चैत्र २४ गते शनिबारका दिनदेखि यस त्रियुगा सहकारी सस्था लि.फत्तेपुर ले संचालन गर्न लागेको सहकारी डिपार्टमेन्ट स्टोरको सप्तकोसी नगरपालिका १ सहकारी सस्था को भवनमा माननीय **कृषि मन्त्री शैलेन्द्र प्रसाद शाह**द्वारा बिधिवत शुभारम्भ हुने भएकोले उक्त कार्यक्रममा यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

कार्यक्रम
मितिः २०७४ चैत्र २४ गते शनिबार
स्थानःत्रियुगा सहकारी सस्था लि.
सप्तकोसी न.पा.१फत्तेपुर बस पार्क
समयः दिन को १० बजे देखि



डिपार्टमेन्ट स्टोरमा उपलब्ध सेवाहरूः
(१) खाद्यान्न (२) कस्मेटिक (३) फ्रुट लगायत अन्य सामानहरू गुणस्तरीय र सुफत मूल्यमा उपलब्ध गराइन्छ।

घरमा....

फैलाइरहेको देखिन्छ। यस बाहेक घरभित्रको फोहोर जथाभावी फ्याँकेर गाउँ नै फोहोर बनाइएको कक्षा ११ मा अध्ययनरत सागर मेहतर बताउँछन्।

'घरमा शौचालय बनाएर के गर्नु, त्योभन्दा धेरै फोहोर त बाहिरै छ', उनी भन्छन्, 'टोलभरि सरसफाइको अभियान चलाएर वातावरण स्वस्थ नबनाएसम्म खुला दिसामुक्त अभियानको नाराले सार्थकता पाउँछ जस्तो लाग्दैन।'

गाउँको बीचमा रहेको 'राजविराज कारागार' मेहतर टोलको मुख्य टाउको दुःखाइ हो। कारागारका शौचालयको निकास र भित्रको फोहोर पानी गाउँकै बीचमा छाडिएको स्थानीयले गुनासो गरे।

जेलर सत्यनारायण यादवले पनि कारागारको फोहोर पानीको निकास बाहिरै रहेको स्वीकार गरे। धेरैतिरबाट गुनासो आएपछि हज बनाएर शौचायलयको बाहिरी निकास भने बन्द गरिएको उनले बताए।

'१५२२० दिन अगाडि नै हज निर्माण गरेर शौचायललाई व्यवस्थित गरिसक्यौं', उनले भने।

यसैगरी, वडा नम्बर ८ मदननगर हुँदै आउने नालाको फोहोरले पनि मेहतर टोललाई अस्तव्यस्त बनाएको छ। मदिराको तथा फोहोर बोतलदेखि खसी र कुखुराको भुत्ला तथा हाडखोरले बस्ती नै दुर्गन्धित बनेको छ।

'राजविराजमा फोहोर र छाडा सुँगुरकै कारण फैलिएको जापानिज इन्सेफ्लाइटिसले १ वर्षअघि तत्कालीन राजविराज-९ तेतरीगाछीका बालक रमण देवको मृत्यु भयो', गत वर्षको साउन ५ गतेको घटना स्मरण गर्दै स्थानीय सुरज मेहतर भन्छन्, 'फेरि पनि त्यस्ता घटना नहोला भन्न सकिन्न।'

यसैबीच, चैत १४ गते राजविराज नगरपालिका खुला दिसामुक्त घोषणा गरिने तयारी छ। नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सूचना प्रकाशन गरेर नगरवासीहरुलाई धन्यवाद समेत दिइसकेको छ। तर, सरसफाइका क्षेत्रमा देखिएका समस्या समाधानमा भने कुनै चासो दिएको देखिँदैन।

राजविराज नगरपालिका वडा नम्बर ७ का अध्यक्ष प्रेम यादवले भने मेहतर टोलको सफाइका लागि आफू गम्भीर भएर लागेको बताए। कारागारका शौचालयमा हज निर्माण तथा फोहोर व्यवस्थापनको कार्य सुरु भइसकेको उनले जानकारी दिए।

मदननगर हुँदै आएको नाला व्यवस्थापनको विषयमा भने आफ्नो एक्लो प्रयासले सम्भव नभएकाले विभिन्न निकायसँग समन्वय गरी काम सुरु गर्न लागिएको उनको भनाइ छ।

यादवले भने, 'नालालाई दुवैतर्फ आरसिसी ढलान गरेर निकासको व्यवस्था मिलाउन हामीले पहल गरिरहेका छौं।'







सूचना

अनलाइन उजूरी विधि अवलम्बन गरौं,
आफ्नो कुरा प्रष्ट पारौं ।
विभिन्न सञ्चारमाध्यममा आएका समाचार सामग्रीहरू पत्रकार आचारसंहिता प्रतिकूल भएमा प्रेस काउन्सिल नेपालको वेवसाइट
www.presscouncilnepal.org
मा गई अनलाइन उजूरी गर्न सकिनेछ ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधी मन्त्रालय
सूचना विभाग

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन कंसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स साप्ताहिक
JANATA TIMES WEEKLY

सम्पादकीय.....

निष्प्रभावि खुल्ला दिशामुक्त कार्यक्रम

स्वच्छता र स्वास्थ्यका लागि समग्र वातावरणमा सुधार ल्याउने सोच राखिएर पनि अधिकांश जिल्लामा सरसफाइ गुरुयोजनामा गरिएका 'खुल्ला दिसामुक्त अभियान' निष्प्रभावि भएका छन् । व्यक्तिका घरमा शौचालय बने तर घर वरिपरिको वातावरण भने सुधार नहुनुले खुल्ला दिसामुक्त अभियान सफल भएको मान्न सकिदैन् ।

शौचालय बनाए पनि घरबाहिर भने जतातै फोहोर र दुर्गन्धले सरसफाइ गुरुयोजनालाई नै गिज्याइरहेको छ । सप्तरीका अधिकांश गरिब, पिछडिएका र उच्च जोखिमयुक्त वर्गका नागरिक सरसफाइको मूल प्रवाहबाट बाहिर छन् । यसको कारण शौचालय निर्माण गर्न औकात नपुग्नु हो । बढि दलित समुदाय भएको सपतरी जिल्लामा भूमीहिनहरुलाई शौचालय बनाउने जमिनसमेत छैन् । यस्तो अवस्थामा खुल्ला दिसामुक्त अभियान सफल बनाउन निश्चय नै समस्या हुदे आएको छ ।

करिब १ सय डोम र मेहतरको बसोबास रहेको राजविराज ७ को अधिकांश घरमा शौचालय छ। तर, सबै शौचालयको निकास गाउँको बीचमा रहेको खुला नालामा मिसाइएको छ। गाउँभरि हिलो र फोहोरको दुर्गन्ध छ। छाडा छाडिएका सुँगुरले फोहोरलाई यत्रतत्र फैलाइरहेको देखिन्छ। यस बाहेक घरभित्रको फोहोर जथाभावी फ्याँकेर गाउँ नै फोहोर बनाइएको छ । यसको व्यवस्थापनका लागि स्थानीय सरकारले उचित कमद चाल्नु पर्ने देखिन्छ । टोलभरि सरसफाइको अभियान चलाउनु पर्दछ । टोलको वातावरण स्वस्थ नबनाएसम्म खुला दिसामुक्त अभियानको नाराले सार्थकता नपाउने कुरालाई सरोकारवालाहरुले गम्भीर रुपमा लिनु पर्दछ ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

प्रादेशिक सामर्थ्यको विश्लेषण हुनु आवश्यक-२

❐ डा. खिमलाल देवकोटा

कुल गार्हस्थ उत्पादन तथा आर्थिक पुर्वाधार

नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा सवभन्दा धेरै तीन नम्वर प्रदेशको ३२ प्रतिशत छ । कुल जनसंख्याको २०.४० प्रतिशत वसोवास गर्ने दुई नम्वर प्रदेशले मुलुकको कुल गार्हस्थ उत्पादनमा १६.२ प्रतिशतले योगदान गर्दछ । कुल गार्हस्थ उत्पादनमा सवभन्दा कम योगदान ६ नम्वर प्रदेशको चार प्रतिशत छ । जुन प्रदेशको जनसंख्या भन्दा एक दशमलव ७३ प्रतिशतले कमी हो । जनसंख्या वरावरी कुल गार्हस्थ उत्पादनमा योगदान पुराउने प्रदेश एक नम्वर हो । कुल जनसंख्याको १७ दशमलव १२ प्रतिशत मानिसहरू यस प्रदेशमा वसोवास गर्छन । कुल गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान १७ दशमलव ४६ प्रतिशत छ । जिल्लागत रूपमा कुल गार्हस्थ उत्पादनमा सवभन्दा धेरै योगदान पुराउने जिल्ला काठमाडौं (१५.७६ प्रतिशत) हो । त्यसपछि क्रमश मोरङ्ग (३.९३ प्रतिशत) र वारा (३.३३ प्रतिशत) हुन । दुई नम्वर प्रदेशको कुल गाहस्थ उत्पादनमा वारा र पर्सा जिल्लाको योगदान ३५ प्रतिशत छ ।

आर्थिक सर्वेक्षण ०७२/७३ अनुसार कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशत छ । तराईलाई अन्नको भण्डार पनि भनिन्छ । तर वास्तविकता त्यस्तो छैन । राष्ट्रिय योजना आयोगले सन २०१५ मा गरेको एक अध्ययन प्रतिवेदनमा उल्लेखित कृषि तथा पशुका जिल्लास्तरीय सूचकहरूको विश्लेषणका आधारमा कृषि तथा पशु क्षेत्रको कुल उत्पादनमा चितवन सहित समग्र तराईका २० जिल्लाको योगदान ४० प्रतिशत छ । सवभन्दा धेरै चितवनको ३.५ प्रतिशत छ । यस पछि मोरङ्ग र झापाको क्रमश २.९१ प्रतिशत र २.३५ प्रतिशत छ । दुई नम्वर प्रदेश अर्न्तगतका सप्तरी र सिराहा जिल्ला क्रमश : नवौ र दशौं नम्वरमा पर्दछन । समग्र मुलुकको कृषि तथा पशु क्षेत्रको उत्पादनमा दुई नम्वर प्रदेशको योगदान जम्मा १३ प्रतिशत मात्र छ । कृषि र पशुलाई अलग/ अलग गर्ने हो भने करिव दुई प्रतिशतको फरक छ । दुई प्रदेशको कृषिको समग्र योगदान १४ प्रतिशत छ भने पशुको १२ प्रतिशत । कृषि तथा पशुमा नेपालमा सवभन्दा वढी उत्पादन चितवन जिल्लाकै छ । कुल कृषि तथा पशु उत्पादनमा चितवनको योगदान क्रमश ६.६८ प्रतिशत र ३.५३ प्रतिशत छ । कृषि उत्पादनमा दोस्रो वढी योगदान गर्ने जिल्ला झापा (३.३८ प्रतिशत) हो । यसै गरी पशुमा काभ्रेपलाञ्चोकको (३.५१ प्रतिशत) छ । पशु क्षेत्रको उत्पादनमा चितवन र काभ्रेको योगदान झण्डै /झण्डै वरावरी छ । कृषि तथा पशु क्षेत्रवाट दुई नम्वर प्रदेशले त्यति धेरै लाभ लिन सकेको अवस्था छैन । कृषि तथा पशु क्षेत्रको उत्पादनमा पनि उल्लेखनीय भूमिका तीन नम्वर प्रदेशकै छ । कृषिको योगदान २६ प्रतिशत छ भने पशुको २० प्रतिशत । तीन नम्वर प्रदेश पछि सवभन्दा धेरै योगदान क्रमश एक नम्वर र पाँच नम्वर प्रदेशको छ । यसपछि मात्र दुई नम्वर प्रदेश पर्दछ । जनसंख्याको अनुपात र उर्वर कृषि भूमि नामकरणका आधारमा विवेचना गर्ने हो भने दुई नम्वर प्रदेशको कृषि तथा पशु क्षेत्रको उत्पादन निकैनै कम हो ।

शिक्षा, स्वास्थ्य र रक्षाको बजेट कटाउँदा दुई नम्वर प्रदेशको कुल खर्च रु ७ अरव २७ करोड हुन जान्छ ।

उद्योग विभागमा दर्ता भएका उद्योगको संख्या २०७३ कात्तिक मसान्त सम्ममा ६७२५ वटा छ । यी उद्योगको कुल पूँजी रू १२४२ अरव र रोजगारी संख्या पाँच लाख तीस हजार छ । यी उद्योगमा झण्डै आधा (४५ प्रतिशत) काठमाडौं जिल्लामा छन । यसपछि ललितपुर, कास्की ,मोरङ्ग र वारामा क्रमश : ११ प्रतिशत, ५ प्रतिशत, ३.४९ प्रतिशत र ३.२० प्रतिशत छन । सवभन्दा धेरै ६८ प्रतिशत उद्योग तीन नम्वर प्रदेशमा छन । यसपछि एक नम्वर प्रदेशमा नौ प्रतिशत छ भने दुई नम्वर प्रदेशमा केवल ७ प्रतिशत मात्र छन । कच्चा सामाग्री, श्रम, वजार, भन्सार आदिका दृष्टिले पनि उद्योगको संख्या दुई नम्वर प्रदेशमा तुलनात्मक रूपले धेरै हुनुपर्ने हो ।

राजश्व संकलनको अवस्था

हाल सरकारले अन्तशूल्क, मूल्य अभिवृद्धिकर,संस्थागत आय कर, व्यक्तिगत कर, पारिश्रमिक कर आदि लगायतका क्षेत्रवाट राजश्व संकलन गर्दछ । आ.व. ०७२/७३ मा सरकारले सवै जिल्लाहरूवाट रू ५४१ अरव राजश्व संकलन गरेको थियो । भन्सार विन्दु वाहेकको कुल राजश्व रू ३३० अरव थियो ।कुल संकलित राजश्व मध्ये भन्सार सहित सवभन्दा धेरैतीन र दुई नम्वर प्रदेशको क्रमश ५६ प्रतिशत र १६ प्रतिशत छ । दुई नम्वर प्रदेशमा भन्सार विन्दु सहित कुल रू ८७ अरव राजश्व संकलन भएको थियो । भन्सार विन्दुको राजश्व घटाउदा यस प्रदेशबाट संकलित राजश्व रू १७ अरव ६२ करोड मात्र हुन्छ । तीन नम्वर प्रदेशमा भन्सार सहित रू ३०५ अरव राजश्व संकलन भएको थियो । भन्सार विन्दुको राजश्व हटाउदा यस प्रदेशको राजश्व रू २६७ अरव हुन्छ ।दुई नम्वर प्रदेशको कुल राजश्व संकलनमा भन्सार विन्दुको योगदान ८० प्रतिशत देखिन्छ । प्रदेश अन्तगर्तका जिल्लामा सवभन्दा धेरै राजश्व पर्सा जिल्लाको छ । पर्साबाट संकलित राजश्वमा ९० प्रतिशत भन्सारको योगदान छ । भन्सारबाट संकलित राजश्वको व्ययभार मुलुकका कुना काप्चामा वसोवास गर्ने व्यक्तिहरूमा समेत पर्दछ । संसारका सवै संघीय मुलुकमा भन्सार वाट संकलित हुने राजश्वलाई केन्द्रिय सरकार (संघ) को मातहतमा राख्ने गरेका छन ।

कुल राजश्व संकलनमा सवभन्दा कम ६ र ७ नम्वर प्रदेशको छ । भन्सार वाहेक यी प्रदेशको राजश्व रू एक अरव १३ करोड र रू ३ अरव ७९ करोड छ ।

प्रशासनिक खर्च

प्रदेश अन्तगर्तका जिल्लाहरूमा अवस्थित विभिन्न सरकारी कार्यालयहरूको आ.व.०७२/७३ मा तलव भत्ता लगायत प्रशासनिक क्षेत्रमा भएको यर्थात खर्चको विवरण तालिका मा छ । तालिका अनुसार कार्यालय सच्चालन लगायतको कुल प्रशासनिक खर्च रू १३४ अरव छ । कुल प्रशासनिक खर्चमा पारिश्रमिक/ सुविधामा मात्र ६६ प्रतिशत छ । पारिश्रमिक/ सुविधा अन्तगर्त कर्मचारीको तलव, स्थानीय भत्ता, महंगी भत्ता, फिल्ड भत्ता आदि पर्दछ । यसपछि सवभन्दा धेरै खर्च कार्यक्रम सम्वन्धि शीर्षकमा १५ प्रतिशत छ । कार्यक्रम सम्वन्धि खर्च अन्तगर्त कर्मचारी तालिम, विभिन्न गोष्ठि तथा सेमिनारहरू आदि लगायत पर्दछ ।

कुल प्रशासनिक खर्चमा सवभन्दा धेरै तीन नम्वर प्रदेशको ४९ दशमलव ४४ प्रतिशत छ । यसपछि एक नम्वर र पाँच नम्वर प्रदेशको छ । तीन नम्वर प्रदेशको कुल खर्च धेरै हुनुको अर्थ काठमाडौंमा अवस्थित सवै मन्त्रालय, विभाग, आयोग, प्रतिष्ठान, विश्वविद्यालय आदिको खर्च समेत समावेश हुनाले गर्दा हो ।

अहिले प्रदेश अन्तगर्तका सवै सरकारी कार्यालयहरूमा अवस्थित कर्मचारीहरूको तलव भत्ता लगायत प्रशासनिक खर्चका लागि आ.व. ०७२/७३ मा कुल रू १० अरव ८२ करोड खर्च भएको छ । संविधान अनुसार कार्यानव्यन गर्ने हो भने यो भन्दा धेरै प्रशासनिक खर्च प्रदेशमा हुन्छ । मुलुकको कुल प्रशासनिक खर्चमा शिक्षाको २३.० प्रतिशत र स्वास्थ्यको ८ प्रतिशत छ । शिक्षाको प्रशासनिक खर्चमा ८० प्रतिशत जति शिक्षकहरूको तलव भत्तामानै खर्च हुन्छ । यसै गरी स्वास्थको पनि जिल्ला जनस्वास्थ्य कार्यालय, हेल्थपोस्ट र सवहेल्थपोस्टमा कार्यरत जनशक्तिका लागि हुन्छ । शिक्षामा माध्यमिक तहसम्मको अधिकार स्थानीयलाई छ । यसै गरी स्वास्थ्यमा आधारभूत स्वास्थ्य सेवाको आधिकार स्थानीय तहलाई छ । सामन्य विश्लेषणका आधारमा शिक्षा तथा स्वास्थ्यको कुल वजेट खर्चमा संघ र प्रदेशका लागि २०/२० प्रतिशत र स्थानीय तहका लागि ६० प्रतिशत छुट्याउदा खासै फरक पर्दैन । यसै गरी कुल प्रशासनिक खर्चमा रक्षाको योगदान ८ प्रतिशत छ । संविधान अनुसार यो खर्च वजेट पुरै संघका लागि हुन जान्छ । शिक्षा, स्वास्थ्य र रक्षाको बजेट कटाउँदा दुई नम्वर प्रदेशको कुल खर्च रू ७ अरव २७ करोड हुन जान्छ । संघको अधिकारक्षेत्रभित्र पर्ने कर, भन्सार, अदालत, कारागार र प्राय स्थानीयको कार्यक्षेत्रधिकार भित्र पर्ने जस्तै कृषि, पशु, मालपोत, सहकारी, नापी, भूमिसुधार, प्राविधिक, भूसंरक्षण, महिला तथा वालवालिका, आदि (यी कार्यक्षेत्र प्रदेशको पनि पर्दछ तर धेरै स्थानीयको छ । २० प्रतिशत प्रदेशको कार्यक्षेत्रमा राख्दा उपयुक्त हुन्छ) को खर्च घटाउदा पनि कम्तिमा रू ५ अरव प्रशासनिक खर्च प्रदेशको हुन्छ । हाल भएका कार्यालयहरूको खर्चका आधारमा गरिएको यो सामन्य विश्लेषण हो । तालिका ९ को विश्लेषणका आधारमा २ नम्वर प्रदेशको आय रू ९८ करोड १६ लाख छ । कुल प्रशासनिक खर्चमा मात्र रू ४ अरव न्यून हुन जान्छ । प्रदेश अन्तगर्तका जिल्लाको कुल खर्चको २५ प्रतिशत मात्रै व्यभारलाई प्रादेशिक तहको खर्चको आधार मान्ने हो भने पनि रू २ अरव न्यून हुन जान्छ ।

जनता टाइम्स्
२०७४ चैत १७, March 31, 2018

आफूलाई 'ठूलो मान्छे' ठान्ने रोग मेनिया



श्याम आजकाल बिहान ३ नबज्दै उठ्छ । सामान्यतः ऊ यति छिटो चाँडै ब्युझिने मान्छे होइन । यति चाँडो उठ्दा पनि उसलाई थकाई भने लाग्दैन । बरु अझै खुशी देखिन्थ्यो ।

आजकाल ऊ धेरै गीत गाउने र नाच्ने भएको थियो । अनि 'त्यसो नगर' भनेर सम्झाउँदा झनै रिसाउथ्यो । पहिले-पहिले खास बोल्ने मान्छे होइन । आजकाल नचिनेको मान्छेसँग पनि खुलेर बोल्छ । ठूला-ठूला कुरा गर्छ । करोडौंका व्यापार गर्ने, विदेशमा शाखा खोल्ने र कहिले त आफूलाई भगवानको अवतारझैं कुरा गर्छ ।

चार दिन भइसकेको थियो । ऊ आफूले २० वर्षदेखि जागिर गर्दै आएको अफिस पनि नगएको । अफिस जाँदा जोसँग पनि झगडा हुन्थ्यो उसको । अझ हाकिमको कोठामा गएर 'तपाईंलाई काम गर्न आउदैन' भन्थ्यो रे । उसले पैसा त उसले खोलाजस्तै बगायो । साथीहरुलाई दिनहुँ पार्टी दिने, ऋण लिएर मस्ती गर्ने, जे देख्यो त्यहीँ किन्ने, नसा सेवन गर्ने, तेज गाडी कुदाउने, केटी जिस्क्याउने, र नयाँ महँगो लुगा लगाउने जस्ता काम गर्न थाल्यो । यसअघि श्यामको बानी यस्तो थिएन । जसबाट श्यामको परिवारका सदस्यहरु अचम्मित छन्।

भूतप्रेत लाग्यो भनेर परिवारका सदस्यले झारफुक पनि गरे । तर, समस्या समाधान भएन । श्याामको बानी उस्तै रहयो । केही दिनअघि उसले प्रहरीलाई पनि पिटेछ । त्यसपछि पुलिसले थुन्यो । वल्ल परिवारले शंका गरे, श्याममा कुनै स्वास्थ्य समस्या पो छ कि भनेर । श्याम भने आफू ठीक रहेको जिद्दी गरिरहन्छ ।

वास्तवमा श्यामलाई मेनिया भन्ने मानसिक समस्या रहेछ । बल्ल-बल्ल मनोचिकित्सकलाई देखाएर उपचार गरेपछि ठीक हुँदैछ ।

१. के हो मेनिया ?

यो एकप्रकारको मानसिक र मनोरोग हो ।

२. यसका लक्षण के-के हुन्छन् ?

यसका लक्षण सामान्य स्वभावभन्दा विपरित हुन्छ । जस्तै,

निन्द्राको आवश्यकता कम हुने

शरीरमा धेरै तागत वा फूर्ति हुने

धेरै खुशी हुने वा धेरै रिसाउने

धेरै बोल्ने, झगडा गर्ने, ठूला कुरा गर्ने

आफूलाई ठूलो मान्छे भन्ठान्ने, अत्याधिक पैसा खर्च गर्ने

नचाहिने लगानी गर्ने, फाल्तु खर्च गर्ने

अरुलाई मान्छे नगन्ने, कहिले धेरै पूजापाठ गर्ने, कहिले आफूलाई भगवानको अवतारसम्म दाबी गर्ने

एक ठाउँमा स्थिर भएर नबस्ने, मनमा एकपछि अर्को कुरा खलाउने

नशा सेवन बढी गर्ने

यौन इच्छा बढी हुने

(तर बिरामीलाई आफू ठीक छु भन्ने लागिरहेको हुन्छ । उनीहरुले (धेरैले)आफ्नो स्वभावमा आएको परिवर्तन महशुस गर्न सक्दैनन)

३. माथिका सबै लक्षण मेनिया रोगभित्रै पर्छन् ?

होइन, कम वा धेरै वा अलि फरक पनि हुन सक्ने हुनाले मनोचिकित्सकलाई देखाउन जरुरी हुन्छ ।

४. के यो भूतप्रेतले गर्दा हुने हो, किनभने यस्तो स्वभाव त श्यामको पहिले थिएन ?

होइन, यो दिमागको रसायनको गडबडीले हुन्छ । अनि तनावले बल्झिन सक्छ । पारिवारिक वा वंशाणुगत पनि हुन सक्छ । धेरैजसोमा मौसम बद्लिदा पनि रोग बल्झिन सक्छ।

५. रोग लागेर मान्छे आफूलाई भगवानझैं कसरी मान्छ, त्यो पनि पूर्ण विश्वासका साथ ?

जसरी मानिसहरु शिवरात्रीमा भाङ खाँदा आफू उडेको, रङहरु नाचेको देख्छन् । किनकि त्यसबेला नशाले दिमागी रसायनको गडबडी गर्छ। त्यसैगरी जब दिमागी रसायन गडबड हुन्छ, यस्तो रोग लाग्छ । अनि थुप्रै हुन नसक्ने कुरा हुन थाल्छ । यस्तो समस्या महिला पुरुष दुवैमा हुन सक्छ ।

६. यो रोग लागेपछि ठीक हुँदैन ?

औषधि उपचारले यो रोग ठीक हुन्छ। बिरामी पूरानो स्वभावमा फर्कन्छ । तर, फेरि बल्झिन सक्ने सम्भावना हुन्छ ।

७. के जीवन भर औषधि खाइरहनु पर्छ ?

त्यस्तो होइन । कसै-कसैलाई धेरैपटक बल्झन्छ । उनीहरुले चाहिँ लामो समयसम्म औषधि खाने हुन सक्छ ।

८. यस्ता बिरामीले आफ्ना नियमित काम गर्न सक्दैनन् ?

होइन, ठीक भएपछि धेरैजना आफ्नो नियमीत काममा फर्कन्छन् र यसका थुप्रै उदाहरण छन्।

९. यस्ता बिरामीलाई अरु के रोग लाग्न सक्छ ?

यस्तो मेनिया भएका बिरामीलाई कुनै बेला डिप्रेसन हुन सक्छ । एनफ्लुडिप्रेसन र बाइपोलार डिप्रेसन हुन्छ । यसका लागि फरक उपचार छन् ।

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): मनमा उत्साह र हिम्मत बढ्नेछ । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आम्दानी बढ्ने छ । विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला ।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ । समय राम्रो छैन । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला ।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला । समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला ।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ । मन दोधार होला ।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला ।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।समय मध्यम खालको छ ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

कर्मचारी आपूर्ति र परिचालनको गाँठो कसरी फुकाउने ?

लक्ष्मी विलाश कोइराला

राजनीतिक परिवर्तन तिव्र गतिमा भैरहदा संघ, प्रदेश र स्थानीय तहको कर्मचारी प्रशासनलाई व्यवस्थित गर्ने संघीय निजामती सेवा ऐन जारि गर्न नै अनौठोरूपमा राजनीतिक तहमा अलमल भैरहेको छ। निजामती कर्मचारी व्यवस्थापनको लागि संघीय निजामती सेवा ऐन, संघ प्रदेश र स्थानीयतहका सरकारको संगठन तथा दरवन्दी संवन्धी ऐन र कर्मचारी समायोजन ऐन साथसाथै जारी हुनुपर्दथ्यो। तर हतारमा निजामती कर्मचारी समायोजन ऐन मात्र जारी भयो।

सरकारका तीनै तह संघ, प्रदेश र स्थानीयतहका जनप्रतिनिधिहरू अहिले अनुभवी कर्मचारीको खोजीमा हुनुहुन्छ। सरकारको सामुन्ने कर्मचारीलाई प्रदेश र स्थानीयतहमा कर्मचारी जसरी पनि पठाउनु पर्ने भएकोछ। संघीय शासन व्यवस्थाको सञ्चालनको लागि संघ, प्रदेश र स्थानीयतहमा कर्मचारी प्रशासन व्यवस्थित गर्न संघीय निजामती सेवा ऐन अति आवश्यक हुन्छ। संघीय निजामती सेवा ऐन जारी गर्न नसक्दा कर्मचारी व्यवस्थापनमा समस्याहरू देखिए।

संघीय निजामती सेवा ऐन संघ प्रदेश र स्थानीय तहको निजामती प्रशासन सञ्चालन गर्ने मार्गदर्शक ऐन हो। संघीय ऐनमा संघ प्रदेश र स्थानीय तहको निजामती सेवा र निजामती कर्मचारीहरूको व्यवस्थापनका लागि सिद्धान्त, सेवाका शर्त र सुविधा तथा संघ प्रदेश र स्थानीय तहमा रहने पद र श्रेणीको मर्यादाक्रम स्पष्ट खुलेको हुनुपर्दछ।

देश संघीयशासन प्रणालीमा रूपान्तरण हुँदै गर्दा सबै पक्ष ठीक तर कर्मचारी र कर्मचारीतन्त्र मात्र बेठीक भन्ने स्वर सर्वत्र मुखरित हुनु राम्रो होईन। निजामती सेवा र कर्मचारीलाई परिचालन गर्न राजनीतिक नेतृत्व चुक्यो र कर्मचारीहरूको संवेदनशीलता बुझ्न सकेन भने कर्मचारी कसरी सहजै परिचालित हुन्छ र ? कर्मचारीको घर छ, परिवार छ, वृत्ति विकास छ र उसँग कमलो मन पनि छ।कर्मचारीले प्रदेश र स्थानीय तहमा जान धेरै तलव खोजेका होईनन् र ईन्कार गरेका पनि छैनन्। राजनीतिक तहमाभने निजामती कर्मचारीले सरकारी तलब खाएपछि जसो भन्यो त्यसै गर्नुपर्छ भन्ने रूखो सोंच छ। विगतमा कर्मचारी समायोजन ऐनको मात्रै भरमा चलाएको तीरलेकर्मचारीको मन जित्नसकेन। कर्मचारीहरू आफनो अन्यौलग्रस्त वृति विकास देख्दा देख्दै स्वाट्टै कार्यस्थल हिडन धरमराए।

वर्तमान सरकारका प्रधानमन्त्री के.पी. ओली र सामान्य प्रशासनमन्त्री लालवावु पण्डितले कर्मचारीलाई व्यवस्थितरूपमा परिचालन गर्ने र आवश्यक ऐन तत्काल जारी गर्ने अभिव्यक्ति दिनुभएको छ। सरकार प्रमुख र विभागीय मन्त्रीको आशलाग्दो अभिव्यक्ति मात्र पनि कर्मचारीको लागि दह्रो आड वनेकोछ। निजामती कर्मचारीको परिचालनकर्मचारीको मन छोएर गर्नुपर्ने भएकाले यहाँ कर्मचारी परिचालनका सन्दर्भमा भैरहेका व्यवस्था र हुनुपर्ने आवश्यकपक्षहरूको समीक्षा गर्न सान्दर्भिक देखिन्छ।

कर्मचारी खटन पटनमा लटपटिएका पक्षहरू

(क) एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरण हुने क्रममा कर्मचारी व्यवस्थापनको पक्षमा दृष्टि नपुगेकै हो। क्रमशः कर्मचारी परिचालन आवश्यक भएको महसुस भैसकेपछि स्थानीय निकायको संख्या, संघ र प्रदेशमा रहने मन्त्रालयहरूको संख्या किटान नहुँदा स्थानीय र प्रदेशमा आवश्यकपर्ने र संघमा बढी हुने कर्मचारी दरबन्दीको यकिन गर्न कठिनाई भयो। जस्लेगर्दा कहाँ कति कर्मचारीको आवश्यकता हुन्छ भन्ने निश्चित गर्न र आपूर्ति गर्न पनि सकिएन।

(ख) निजामती कर्मचारी समायोजनलाई प्रारम्भदेखि नै हाउगुजीको रूपमा हेरियो। कर्मचारीलाई प्रदेश र स्थानीयतहमा जबरजस्ती पठाउने र तोकिएको निकायमा नजाने कर्मचारीलाई जागिरबाट नै हटाउने तयारी साथ समायोजन विधेयक व्यवस्थापिका संसदमा पेश पनि गरियो। लोक सेवा आयोग र कर्मचारी आधिकारिक ट्रेड युनियनहरूकोपहलमा कर्मचारीलाई ठाडै सेवाबाट हटाउने प्रावधानलाई नरम बनाए पछि मात्र कर्मचारीलाई तोकिएको ठाउँमा जान उत्सुक गराएको हो।

(ग) कर्मचारी समायोजन गर्दा कर्मचारीको वृत्तिविकास पक्षलाई पुरै बिर्सिइयो। प्रदेश तथा स्थानीय तहमा खटाईएका कर्मचारीको पदोन्नति के हुने ? तलब कहाँबाट खाने र तोकिएको स्थानमा गैसकेपछि सरूवा कसरी हुने भन्ने विषयमाबोल्नुपर्ने संघीय निजामती सेवा ऐनको मस्यौदा बनेर पनि थाती रहयो, हालसम्म पनि जारी भएन।

(घ) प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारीहरूले एकातर्फ संघबाट खटाएका कर्मचारी आएनन् भन्ने हौवा पिटेर आफैं कर्मचारी भर्ना गर्ने अनपेच्छित आशा गरे भने अर्कोतर्फ स्थानीय तहका रैथाने कर्मचारीहरूले केन्द्रबाट आएका कर्मचारीलाई मौन असहयोग गरेर तर्साउने काम पनि गरिरहे। त्यसमाथि निर्वाचित मैमत्त पदाधिकारीहरूले टाढाबाट सरूवा भई आएको एक्लो कर्मचारीमाथि भनेअनुसार काम गरेन भनेर शारिरीक हातपात गरेर कर्मचारीलाई थप तर्साए।

यसप्रकारको वातावरणले कर्मचारीलाई तोकिएको कार्यस्थलमा जान अनुत्प्रेरित गरेको तथ्य गम्भिर वने पनि आधिकारिक पदाधिकारीको ध्यान खिच्न सकेन।

(ङ) संघ, प्रदेश र स्थानीयतहमा कर्मचारी समायोजन गर्न ल्याईएको ऐनमा गोल्डेन हृयाण्डसेकको प्रावधान राखेर कर्मचारीलाई घर पठाउने योजना बन्यो। एकातर्फ संघ, प्रदेश र स्थानीय तहमा धेरै नै कर्मचारी आवश्यकपर्ने बेलामा भैरहेका कर्मचारीलाई घर पठाउने नीति सान्दर्भिक पनि बनेन्। निशर्त स्वेच्छिक अवकाशको व्यवस्थाले कर्मचारी समायोजनमा थप अन्योलता र आर्थिक भार वढाउने अवस्था ल्याईदियो भने अर्कोतर्फ देशमा तत्काल कर्मचारी आवश्यकता पूर्ति गर्न सम्भव नभइरहेको अवस्थामा सरकारका अनुभवी कर्मचारीहरू विश्वभर कै तुलनामा कम अन्ठाउन्न वर्ष उमेरमा नै अवकाश भैरहे।

अहिले विश्व प्रशासन क्षेत्रमा अनुभवी कर्मचारीलाई घर पठाउने होईन वरू "रिटायर द रिटायरमेन्ट"भन्ने सिद्धान्तअनुरूप रिटायरमेन्टलाई नै रिटायर गर्दैलामो अनुभव भएका कर्मचारीलाई धेरै समय काममा लगाउनु पर्छ भन्ने नवीन सोंच आईरहेकोछ। यस सिद्धान्तअनुरूपअवकाश उमेर बढाउने गरी मस्यौदा तयार भएको संघीय निजामती सेवा ऐन जारी गर्ने विषयले प्राथमिकता पनि पाएन।

साथै, राजनीतिक तहमा स्पष्ट दृष्टिकोणको वदलामा राजनीतिक दाउपेचको खेलोले प्रदेश र स्थानीयतहमा कर्मचारी मात्रै होईन कार्यक्रम र वजेट पनि पुग्न सकेन।

(च) संघ, प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीको तदर्थ आवश्यकता पहिचान गरी स्थानीय तह, प्रदेश र संघको लागि लगभग आवश्यक पर्ने जनशक्ति पहिचान गरी प्रदेश र स्थानीय तह तोकेर कर्मचारी सिफारिश गरिदिन वेलैमा लोक सेवा आयोगमा माग गर्न पनि सकिएन। परिणामतः कर्मचारीको अभाव सर्वत्र देखिन गयो।

(छ) कर्मचारी समायोजनको सन्दर्भमा कर्मचारी संघ संगठनले एक तह बढुवा गरी कर्मचारी पठाउन माग गरेका थिए। कर्मचारीको स्वतः बढुवा नगरी बढुवा गर्ने सेवा अवधि पुगेका र कम्तीमा पञ्चानब्बे प्रतिशतसम्म कार्यसम्पादनमा अंक ल्याएका जेष्ठ कर्मचारीलाई बढुवा गरी पठाएको भए धेरै कर्मचारी रमाउँदै कार्यस्थल पुग्ने थिए।सो गर्न सकिएन।

कर्मचारी व्यवस्थापनमा संवेदशील वन्न नसक्दा कर्मचारीवीच श्रेणी विवादले ठाँउ पायो। प्रमुख जिल्ला अधिकारी भन्दा जुनियर सहसचिवहरू प्रदेशको सचिव बन्न पुगे।सिर्जना गरिएका अतिरिक्त प्रहरी महानिरिक्षक दरवन्दी कटौति गरिए। संघमा सिनियर सहसचिवहरू विशिष्ट श्रेणीको बढुवा कुरेर बस्न बाध्य भए। कम उमेरमा र फरक फरक उमेरमा कर्मचारी अवकाश भैरहे। अनुभवी कर्मचारीको खडेरी पर्दै गयो। यसरी अव्यवस्थाको चाङले कर्मचारी समायोजन र कार्य सञ्चालनमा वाधा ल्यायो।

गाँठो कसरी फुकाउने

निजामती कर्मचारीहरूसँग कमलो मन हुने भएकाले उनीहरूको परिचालन डर देखाएरभन्दा विहगंम दृष्टिकोण र उत्प्रेरणाका उपायहरू अवलम्वन गर्न सकेमा कर्मचारी आपूर्ति र परिचालनको गाँठो सहजै फुकाउन सकिन्छ। निजामती कर्मचारी परिचालनको कमजोरीको दोष कर्मचारीको टाउकोमा थोपरेर राजनीतिक वृत उम्कन पाउने अवस्था छैन। कमजारी र विराम सवैवाट भएको अवस्थामादोष भने कर्मचारीले मात्रै वेहोर्नु न्यायपूर्ण हुन्छ र ?हुदैन नि।

(क) संघीय निजामती सेवा ऐन जारी गर्न जति ढिला हुन्छ समस्या समाा त्यति नै जटिल वन्दै जान्छ। संघ, प्रदेश र स्थानीयतहको कर्मचारी प्रशासन व्यवस्थित गर्नु र कर्मचारी प्रशासनमा एकरूपता कायम गर्नु जरूरी हुन्छ। यसकारण देहायका विषयहरू समेटेर संघ प्रदेश र स्थानीय तहको निजामती प्रशासन सञ्चालन र कर्मचारी परिचालन गर्न उत्प्रेरणा र संवेदनशीलताका मूल्य मान्यताहरूको आधारमा वृहत दृष्टिकोण राखी कर्मचारी परिचालन गर्ने स्पष्ट नीति र सिद्धान्तसहितको संघीय निजामती सेवा ऐन मार्गदर्शक ऐनको रूपमा द्रुतविधिद्वारा तत्काल जारी गर्नुपर्दछ।

(१) गतिशिलताको सिद्धान्त अवलम्वनः निजामती कर्मचारी राष्ट्रिय एकता मजबुत बनाउने सशक्त तत्व हो। निजामती कर्मचारीले राजनीतिक मतभेदमा पनि आँफुलाई तटस्थ राखी राष्ट्रिय एकता र राष्ट्रिय स्वार्थमा अडिग रहन्छ। यसकारण संघ, प्रदेश र स्थानीयतहअर्थात सरकारकोजुनसुकै तहमा काम गरेको भए पनि निजामती कर्मचारीहरूको संघ, प्रदेश र स्थानीयतहको समान तह वा माथिल्लो पदमा सरूवा वा बढुवा भई जान सक्ने गतिशिल व्यवस्था ऐनमा गर्नुपर्दछ।

(२) मर्यादाक्रमको किटान संवन्धी सिद्धान्तः अन्तर सरकार सरूवा, वढुवा र आदेश कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीयतहमा रहने श्रेणी र पदहरूको मयादाक्रम ऐनमा नै किटान गर्नुपर्दछ।

(३) समान सेवाका शर्त र न्यूनतम सुविधाको सिद्धान्तः संघ, प्रदेश र स्थानीयतहमा का मगर्ने निजामती सेवाका लागि कर्मचारीहरूको सुविधा, सेवा प्रवेश र अवकाशको समान उमेर, बढुवाका शर्त, सरूवाका आधार, सजायँका आधार र प्रक्रिया, आचारसंहिता, कार्यालय लाग्ने र छुटने समय तथा सार्वजनिक विदा (स्थानीय विदा वाहेक)जस्ता पक्षहरू समान हुनुपर्दछ।

(४) समायोजन भई कार्यस्थलमा जाने कर्मचारीको पदोन्नति कसरी हुने, तलब कहाँवाट खाने र कहिले सरूवा हुने जस्ता विषय पनि संघीय ऐनमा अनिवार्यरूपमा समेटिनु पर्दछ।

(ख) संघीय आर्थिक ऐनमा संघ, प्रदेश र स्थानीय निकायमा कामगर्ने निजामती कर्मचारीहरूको पद र श्रेणी अनुसार न्यूनतम तलव पनि समान हुनु पर्दछ। तर संघीय शासन प्रणालीमा प्रत्येक सरकार आफनो गच्छे अनुसार फरक फरक भत्ता दिन भने स्वतन्त्र रहने व्यवस्था गर्न आवश्यक हुन्छ।यसकारण संघीय आर्थिक ऐनमा निजामती कर्मचारीहरूको न्यूनतम तलव समान हुने व्यवस्था गर्नुपर्दछ।

(ग) ओएण्डएम विधिको अवलम्वनः स्थानीय तह र प्रदेशको तदर्थ ओएण्डएम गरी प्रदेश र स्थानीय तहको लागि आवश्यक कर्मचारी दरवन्दी किटान गरी लोक सेवा आयोगमा तत्काल कर्मचारीको माग गरी पठाउने र लोक सेवा आयोगले पनि द्रुतमार्गवाट कर्मचारी सिफारिश गरी पठाउने व्यवस्था मिलाउनु पर्दछ। यसपछि मात्र वृहत ओएण्डएम गर्न राम्रो हुन्छ।

संघ, प्रदेश र स्थानीय तहमा लोक सेवा आयोगको सिफारिश बेगर कर्मचारी भर्नामा पूर्णतः लोक लगाउन सकिएन भने कर्मचारीतन्त्रमा अराजकता आउने डर हुन्छ।

(घ) कर्मचारी परिचालनलाई सहज वनाउन बढुवाका लागि सेवा अवधि पुगेका, कार्यसम्पादन मूल्याकंनमा पन्चान्नब्वेभन्दा धेरै अंक ल्याएका सिनियर कर्मचारीहरूलाई एक तह बढुवा गरि प्रदेश र स्थानीय तहमा कर्मचारी खटाउन अझै पनि उपयुक्त हुन्छ।

(ङ) कर्मचारीको भौतिक सुरक्षाको लागि प्रत्येक स्थानीय निकायमा प्रहरी चौकी र एक निश्चित दूरीमा सशस्त्र प्रहरी बल रहने व्यवस्था गरि निजामती कर्मचारीलाई सुरक्षाको प्रत्याभूती पनि दिनुपर्दछ।

(च) सरकारका कर्मचारीहरूफरक फरक उमेरमा अवकाश हुने असमान व्यवस्था हटाई अवकाश उमेर साठी वर्ष कायम गर्ने र शर्तसहितको स्वेच्छिक अवकाश प्रणाली भएमासंघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको आपूर्ति सहजै हुने हुन्छ।

अन्तमा कर्मचारीतन्त्र र कर्मचारी सरकार जनतावीचको सेतू पनि हो। मुलभूत कुरा सरकार कर्मचारीहरूको अविभावक पनि हो। कर्मचारीको सही परिचालन र सहयोगले सरकारले अपेक्षित उपलब्धि हासिल गर्न सक्छ। कर्मचारी व्यवस्थापनमा एउटा पाटो मात्र नहेरि वहुपक्षीय दृष्टिकोण राख्नु पर्दछ। निजामती कर्मचारीहरूलाई सही रूपमा उत्प्रेरित गर्न कर्मचारीका सरोकारका विषयहरू समेटी संघीय निजामती सेवा ऐन तत्काल जारी गर्नु नै वौद्धिक, उदात्त र वैज्ञानिक सोंच हो। (मधेश दर्पण)

सप्तरीमा एक बर्षमा १७ बलात्कारका घट्ना

राजबिराज / सप्तरीमा १३ वर्षीया बालिकाको बलात्कार पछि हत्या गरेको आरोपमा मृतकका ठूलाबुबाका छोरा १८ वर्षीय राजदेव पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रबार पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार खडक नगरपालिका ९ लालपत्ता निवासी पार्वतीकुमारी मण्डललाई उनकै दाजु राजदेवले गत माघ २५ गते बहिनीको बलात्कार गरी हत्या गरेका थिए । घटनालाई परिवारले नै गुपचुप राख्न खोजेका कारण अनुसन्धान प्रक्रिया जटिल र लामो भएको एसपी मुकेशकुमार सिंहले जनाए।

कोठामा सुतिरहेकी बालिकालाई बलात्कार गरेर कुर्ताको तुनाले घाँटी बाँधेर हत्या गरिएको सिंहले बताए । 'बालिका चिच्याएपछि घटना सार्वजनिक हुने डरले लुकाउन खोज्दा अर्को घटना घटेको पाइयो,' एसपी सिंहले भने, 'त्यसपछि पनि परिवारका सबै मिलेर घटनालाई दबाउने प्रयास भयो ।'

बालिकाको मृत्यु भएपछि गाउँमै जलाउने प्रयास हुँदै गर्दा मावलीपटिका हजुरबाले 'शरीर तातो छ, उपचार गराउनुपर्छ' भन्दै स्थानीय मेडिकल पसलमा लगेपछि घटनाबारे खुलासा भई प्रहरीको जानकारीमा आएको सिंहले जनाए ।

'बालिका मरिसकेको थाहा पाएपछि मेडिकलले बहाना बनाएर लहान अस्पताल पठायो,' उनले घटनाबारे भने, 'घाँटीमा डोरीको डाम देखिएपछि अस्पताल मार्फत हामीलाई जानकारी भयो।'

पोस्टमार्टमका क्रममा डाक्टरले नै बलात्कारको आशंका गरेको र अनुसन्धानका क्रममा सबै कुरा खुल्दै गएको प्रहरीले जनाएको छ। लगत्तै पोस्टमार्टम र चेकजाँचका लागि शवलाई धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको र रिपोर्ट आएपछि थप कानुनी प्रक्रिया अघि बढाइने सिंहले बताए ।

यसैगरी, दुई वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा छिमेकी १३ वर्षीय बालकलाई प्रहरीले पक्राउ गरेको छ। पीडित बालिकाका अभिभावकको मौखिक उजुरीका आधारमा शुक्रबार बालकलाई पक्राउ गरिएको एसपी सिंहले बताए। राजबिराज स्थित सगरमाथा अञ्चल अस्पतालमा बालिकाको चेकजाँच तथा उपचार भइरहेको उनले जानकारी दिए ।

सप्तरीमा चालु आर्थिक वर्ष २०७४/७५ मा १७ वटा बलात्कारका मुद्दा दर्ता भएका छन् । जसमा १९ जनालाई पक्राउ गरी कारबाही गरिएको छ भने ३ जना फरार छन् । यसैगरी, सोही अवधिमा बलात्कार उद्योगका १० ओटा मुद्दा दर्ता भएको र १० जनालाई पक्राउ गरी कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीका पत्रकारले गरे १० किलोमिटर पदयात्रा

राजबिराज / नेपाल पत्रकार महासंघको ६३औं स्थापना दिवसका अवसरमा सप्तरीका पत्रकारहरुले शुक्रबार १० किलोमिटर पदयात्रा गरेका छन् । सप्तरी सदरमुकाम राजबिराजदेखि सुरु भएको पदयात्रा भारतीय सिमावर्ती क्षेत्र तिलाठीमा पुगेर समापन भएको थियो ।

दशगजामा खाँडो नदीको सहज निकास तथा अन्तर्राष्ट्रिय सिमा क्षेत्रमा आत्मसम्मान सहितको मैत्री सम्बन्ध विकासका लागि पदयात्राको आयोजना गरिएको हो ।

विकासमा महत्वपुर्ण योगदान पुर्याउन सक्ने राजबिराज-कुनौली सडकको गुणस्तरीय निर्माण तथा सिमावर्ती क्षेत्रमा देखिँदै आएका विभिन्न समस्याहरु माथि राज्यको ध्यानाकर्षण गर्न पनि पदयात्राको आयोजना गरीएको महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाले बताए ।

समयमै समस्याको समाधानमा ध्यान नदिँदा विभिन्न समयमा दुई देशका नागरिकका बीचमा झडपको अवस्था समेत आएको बताउँदै झाले भने, 'दुवै देशको उच्चस्तरीय संयन्त्रबाट सिमावर्ती क्षेत्रका समस्या समाधानका लागि राज्यलाई ध्यानाकर्षण गराउन पदयात्रा फलदायी हुनेछ।'

खुशीको खबर ! खुशीको खबर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सै घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगवाट वचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा



प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

सम्पुर्ण इलेक्ट्रोनिक्स सामानहरू एकै ठाउमा

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडुर्स सप्तकोसी नगरपालिका
१ फत्तेपुर हटिया छिर्ने बाटो

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अव तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१

